# राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट हुने रा.प.तृतीय श्रेणीसम्मका कर्मचारीहरूको सरुवा, काज तथा कामकाज सम्बन्धी मापदण्ड - २०८२

यस विभाग तथा अन्तर्गत नेपाल वन सेवा ने.पा.वा.ला. समूहका कर्मचारीहरुको सरुवा तथा काजलाई व्यवस्थित र पारदर्शी बनाई विभिन्न भौगोलिक क्षेत्रको अनुभव हुने गरि निजामती सेवा ऐन, २०४९ तथा नियमावली, २०५० बमोजिम सरुवा तथा काज सम्बन्धी निम्नानुसारको मापदण्ड बनाई लागु गरिएको छ।

१. सामान्यतया "क" वा "ख" वर्गको भौगोलिक क्षेत्रको कार्यालयमा कम्तिमा डेढ वर्ष अवधी काम गरेका कर्मचारीलाई "घ" वा "ग" वर्गको भौगोलिक क्षेत्रको कार्यालयमा कम्तिमा दुई वर्षको लागि र "ग" वा "घ" वर्गको भौगोलिक क्षेत्रको कार्यालयमा कम्तिमा दुई वर्षको अवधि काम गरिसकेका कर्मचारीलाई "ख" वा "क" वर्गको भौगोलिक क्षेत्रको कार्यालयमा कम्तिमा डेढ वर्षको लागि सरूवा गरिनेछ।

२. राजपत्र अनंकित श्रेणीका निजामती सेवामा कार्यरत पति र पत्नी दुवैले चाहेमा र सरूवा भएर जाने कार्यालयमा पद रिक्त भएमा सकभर एकै ठाउँमा सरूवा गरिनेछ।

३. राजपत्र अनंकित र श्रेणी विहिन निजामती कर्मचारीलाई घर पायकको जिल्लामा सरुवा गर्न प्राथमिकता दिइनेछ।

४. उमेर पचास वर्ष पुगेका कर्मचारीलाई निजले मागेमा बाहेक "क" वर्गको भौगोलिक क्षेत्रमा सरुवा गरिने छैन। तर संस्थाको आवश्यकता जनशक्तिको उपलब्धताको आधारमा सरुवा गर्न सकिने छ।

५. उमेरको कारणबाट अनिवार्य अवकाश हुन एक वर्ष वा सो भन्दा कम अवधि बाँकी रहेकोमा माग गरेको अवस्थामा बाहेक सरुवा गरिने छैन। तर संस्थाको आवश्यकताका आधारमा न्यूनतम अवधि पुरा गरिसकेको अधिकृत स्तरका कर्मचारी र कार्यालय प्रमुखलाई अन्यत्र सरूवा गर्न सकिने छ।

६. स्थायी दरबन्दीमा रहेका कर्मचारी तीन महिना भन्दा बढी अवधिको लागि अध्ययन वा अन्य विदा लिई बसेको अवस्थामा उक्त दरबन्दीमा रहेको कर्मचारीलाई अन्यत्र सरूवा/काज खटाई सो स्थानमा अन्य कर्मचारीलाई पदस्थापन/सरूवा/काज खटाउन सकिनेछ।

७. तलबी अध्ययन विदाको सुविधा लिई देश तथा विदेशमा अध्ययन गरे पश्चात कार्यालयमा हाजिर भए पछि त्यस्ता कर्मचारीहरुलाई "क" वा "ख" वर्गको भौगोलिक क्षेत्रमा रहेका कार्यालयमा अनिवार्य रुपमा सरुवा गरिनेछ।

८. मान्यता प्राप्त चिकित्सकले रोग प्रमाणित गरेको अवस्था र सो रोगको प्रकृति अनुसार चिकित्सकको निगरानिमा रहनुपर्ने कर्मचारीलाई सकेसम्म सहज हुने गरि सरुवा/काज व्यवस्था मिलाईनेछ। विभागले आवश्यक ठानेमा चिकित्सकसंग थप कागजात विवरण माग गर्न सक्नेछ।

९. कार्यालय प्रमुख खटाउँदा सामान्यतया बरिष्ठताको आधारमा खटाईने छ। साथै लगातार दुई कार्यकाल कार्यालय प्रमुख भएका रा.प.तृतीय श्रेणीका कर्मचारीले विभाग वा मन्त्रालयमा कम्तिमा २ (दुई) बर्ष काम नगरी पुनः अर्को कार्यालयको कार्यालय प्रमुखमा जिम्मेवारी दिइने छैन। पुनः कार्यालय प्रमुखमा खटाउनु भन्दा पहिले विभागमा काम गर्नेगरी सरूवा गरिनेछ। समान स्तर, योग्यता र अनुभव भएमा महिला कर्मचारीलाई कार्यालय प्रमुख हुन प्रोत्साहन गरिनेछ।

१०. महिला कर्मचारीहरूको हकमा सम्भव भएसम्म निजहरूले माग गरेको कार्यालयमा सरूवा वा पदस्थापन गर्दा प्राथमिकता दिईनेछ।

महानिर्देशक

११. पदस्थापन/सरुवा/काज खटाउँदा निवेदकले निवेदनमा माग गरेको मागलाई प्राथमिकता र निजको कार्यदक्षतालाई आधार मानिनेछ । तर निवेदन प्राप्त नभए पनि विभागले आवश्यक देखेमा सरूवा गर्न वाधा पुग्ने छैन । साथै विभागमा निवेदन पेश गरेतापनि विभागले सरूवा गर्न बाध्य हुने छैन ।

१२. कर्मचारीहरूलाई सरूवा तथा काजमा खटाउँदा कार्यालयको कार्य सञ्चालन तथा व्यवस्थापनलाई बाधा नपर्ने गरी खटाईनेछ ।

१३. सरूवा गर्दा सम्बन्धित कर्मचारीले विगतमा काम गरेका कार्यालयहरूको भौगोलिक अवस्था, निजले गरेका कार्य सम्पादन लगायतका विवरणहरूलाई समेत आधार मानिने छ ।

१४. यो मापदण्ड राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले समयानुकूल परिमार्जन वा संशोधन गर्नसक्ने छ ।

१५. सरुवाको सिलसिलामा यस मापदण्डको पूर्ण पालनाका लागि सम्बन्धित सबै पक्ष जिम्मेवार हुनुपर्नेछ ।

१६. यो मापदण्ड आ.व. २०८२।०८३ देखि लागु हुनेछ ।

महानिर्देशक